# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN (NEWSLETTER)

वर्ष २८. अकं २, चैत्र/बैशाख २०७९ Mar/Apr 2022


## उद्योग वाणिज्य संघ-चितवनको योजना तर्जुमा गोष्ठी सम्पन्न ।



उद्योग वाणिज्य संघ-चितवनको २०७९ बैशाख ९ र १० गते दुई दिने योजना तर्जुमा गोष्ठी सम्पन्न भएको थियो । संघको हालै सम्पन्न अधिवेशनबाट निर्वाचित कार्यसमितिले आगामी दुई बर्षे कार्यकालमा आयोजना गर्ने कार्यक्रमहरू तय गर्नका लागि गोष्ठीको आयोजना गरेको हो । उक्त गोष्ठी पश्चिम चितवनमा अवस्थित जंगल भिल्ला रिर्सोटमा सम्पन्न भएको थियो । कार्यक्रममा मन्तव्य व्यक्त गर्दै संघका अध्यक्ष चुननारायण श्रेष्ठले संघको उद्देश्य र लक्ष्यलाई हासिल गर्ने सन्दर्भमा आगामी दुई वर्षमा के कस्ता कार्यक्रमहरू आयोजना गर्न सकिन्छ भन्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताउनुभयो । उहांले संघलाई समय सापेक्ष रूपमा सञ्चालन गर्न र संघले सदस्यहरूलाई प्रदान गर्ने सेवालाई परिस्कृत गर्दै चितवनको समग्र

*...बाँकी ३ नं. पेजमा*

## सम्पत्ति सुद्धिकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

उद्योग वाणिज्य संघको तालिम कक्षमा २०७८ चैत्र २५ गते एक दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । सम्पत्ति सुद्धीकरण अनुसन्धान विभाग ललितपुर र उद्योग वाणिज्य संघ-चितवनको आयोजना एवम् जिल्ला प्रशासन कार्यालय, चितवनको समन्वयमा सम्पत्ति सुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण विषयमा उक्त अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रममा शुभकामना व्यक्त गदै जिल्ला प्रशासन कार्यालय, चितवनका प्रमुख जिल्ला अधिकारी एवम्


(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:2015 CERTIFIED CHAMBER

quality austria central asia Succeed with Quality

प्रकाशक

उद्योग वाणिज्य संघ-चितवन, फोन: ०५६-५९६१०८, ५९६२०८, ५९६३०८

URL: www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

# उद्योग वाणिज्य संघ-चितवन

**लक्ष्य (Mission)**

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

**परिकल्पना (Vision)**

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

**गुणस्तर नीति (Quality Policy)**

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्धेश्यहरुलाई निरन्तर परिष्कृट गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

**प्रकाशन समिति**

**संयोजक**

**विज्ञानलाल श्रेष्ठ**
कार्यसमिति सदस्य

**सदस्यहरु**

शिवप्रसाद ओझा, दुर्गाप्रसाद गौतम, रोहितकुमार श्रेष्ठ, यमप्रसाद घिमिरे, उद्धव जोशी, महादीप श्रेष्ठ, राजेन्द्र ओली(सल्लाहकार), सिद्धार्थलाल चुके (सल्लाहकार), रामशरण सिलवाल (सल्लाहकार)

**सम्पादन**

गणेश सुवेदी
सदस्य-सचिव

**ले-आउट / डिजाइन**

सन्देश पौडेल
सूचना प्रविधि अधिकृत




कार्यक्रमका प्रमुख अतिथि अस्मान तामाङले अनौपचारिक आर्थिक क्षेत्रबाट हुने आर्थिक गतिविधिलाई निरुत्साहित गर्नका लागि कार्यक्रमले सघाउ पुऱ्याउने बताउनु भयो । कार्यक्रममा उहांले अनौपचारिक आर्थिक क्षेत्रलाई निरुत्साहित गर्नमा सरोकारवाला सबैले चासो राख्नुपर्ने बताउनु भयो । सोही कार्यक्रममा बोल्दै संघका अध्यक्ष चुननारायण श्रेष्ठले उद्यमी व्यवसयीहरूले पारदर्शी रूपमा उत्पादनमूलक क्षेत्रमा लगानी गरिरहेको बताउँदै आफूले गर्ने आर्थिक कारोवार चुस्त, दुरुस्त राख्दै अनौपचारिक क्रियाकलापलाई निरुत्साहित गरिरहेको बताउनु भयो । कार्यक्रममा सम्पत्ति सुद्धीकरण अनुसन्धान विभाग ललितपुरका महानिर्देशक प्रेमप्रसाद भट्टराईले नेपालको अर्थतन्त्रमा अवैध कारोवार एवम् गतिविधिले असर पारिरहेको बताउँदै नियामक निकायले सो सम्बन्धमा सरोकारवालालाई चेतना फैलाउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताउनु भयो । कार्यक्रममा महानिर्देशक भट्टराईले हामीले जानी नजानी आफ्ना आर्थिक गतिविधि गैह्रकानुनी रूपमा जान सक्ने बताउँदै यसमा सबै सचेत हुन अनुरोध गर्नुभयो । कार्यक्रममा सम्पत्ति सुद्धीकरण अनुसन्धान विभाग ललितपुरका निर्देशक ऋषीराम पोखेल र नेपाल राष्ट्र बैंकका सहायक निर्देशक अमित शर्माले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ–चितवनका अध्यक्ष चुननारायण श्रेष्ठ, आन्तरिक राजश्व कार्यालय भरतपुरका प्रमुख कर अधिकृत घनश्याम पन्थीको विशिष्ट आतिथ्यता, सम्पत्ति सुद्धीकरण अनुसन्धान विभाग ललितपुरका महानिर्देशक प्रेम प्रसाद भट्टराईको सभापतित्व, संघका कार्यकारी निर्देशक निलबहादुर केसीको सञ्चालनमा सम्पन्न उक्त कार्यक्रममा विभागका निर्देशक आत्माराम सत्यालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । उक्त कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष

सुमनकुमार श्रेष्ठ, प्रथम उपाध्यक्ष चिरञ्जिवी सुवेदी, तृतीय उपाध्यक्ष सिरिष पन्त, कार्यसमिति सदस्य, विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधि, विभिन्न वित्तिय संस्थाका प्रतिनिधि लगायतको सहभागिता रहेको थियो ।

...बाँकी



विकासमा योगदान पुऱ्याउनमा दुईदिने कार्ययोजना गोष्ठीले मार्गनिर्देशन गर्ने अपेक्षा व्यक्त गर्नुभयो । उहांले योजना तर्जुमा गोष्ठीले तय गरेका कार्यक्रमलाई वर्तमान कार्यसमिति कार्यान्वयन गर्नका लागि प्रतिवद्ध रहेको बताउनु भयो । कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै संघका पूर्वअध्यक्ष प्रचण्डलाल प्रधानले संघले हाल सम्म प्राप्त गरेको प्रतिष्ठा र इज्जतलाई मनन गर्दै आगामी कार्यक्रम तय गरिनुपर्ने बताउनु भयो । सोही कार्यक्रमा आफ्नो कार्यपत्र प्रस्तुत गर्दै संघका पुर्व अध्यक्ष महेन्द्रलाल प्रधानले संघले आयोजना गर्ने क्रियाकलापहरुले संघप्रतिको विश्वसनियता जोडिएको हुनाले सदस्यको हितकासाथै कार्यक्रम आयोजना गर्दा संघले विश्वसनियता प्राप्त गर्नुपर्ने बताउनु भयो। कार्यपत्र प्रस्तुत गर्दै प्रधानले योजना बनाउनुपूर्व आवश्यकता पहिचान गर्नुपर्ने बताउँदै त्यसको लागि तथ्यांक ठुलो औजार भएको र यसतर्फ आवश्यक कार्यगर्नका लागि कार्यसमितिलाई अनुरोध गर्नुभयो ।

सोही कार्यक्रममा आफ्नो कार्यपत्र प्रस्तुत गर्दै संघका पूर्व अध्यक्ष तथा राष्ट्रिय सहकारी विकास बोर्डका सह–अध्यक्ष मित्रराज दवाडिले संघले विगतमा आत्मासात गर्दै आएका कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रका साथसाथै वर्तमान समयमा सम्भावित अन्य क्षेत्रको पनि पहिचान गर्नुपर्ने बताउनु भयो । कार्यक्रममा बोल्दै पूर्व अध्यक्ष



दवाडीले दुईदिने गोष्ठीबाट ठोस कार्यक्रम आउनुपर्ने बताउँदै कार्यक्रमको सफलताको कामना गर्नुभयो। उद्योग वाणिज्य संघ–चितवनका पदाधिकारी, पूर्वअध्यक्षज्यूहरू, कार्यसमिति सदस्यहरूको सहभागिता रहेको उक्त कार्यक्रममा स्रोत व्यक्तिको रूपमा श्री विनय महर्जनले भूमिका निर्वाह गर्नु भएको थियो। दुई दिनसम्म सञ्चालन भएको उक्त कार्यक्रमले आगामी दुई वर्षका लागि कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन लगायत थप क्षेत्र सहित सदस्य हितका कार्यक्रमहरू सम्मिलित कार्ययोजना तयार गरिएको थियो।

## उवासंघ-चितवनको स्वागत एवम् छलफल कार्यक्रम

उद्योग वाणिज्य संघ–चितवनको सभाकक्षमा २०७८ वैशाख १३ गते चितवन जिल्लाको ट्राफिक व्यवस्थापन तथा दुर्घटना न्यूनीकरण सम्बन्धि छलफल कार्यक्रम सम्पन्न भएको थियो । उद्योग वाणिज्य संघ–चितवनले चितवन जिल्लाको लागि नव आगन्तुक ट्राफिक प्रहरी प्रमुख धर्मवहादुर अधिकारीको स्वागत सहित उक्त




छलफल कार्यक्रमको आयोजना गरेको हो । कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै संघका अध्यक्ष चुननारायण श्रेष्ठले चितवन नेपालको मध्यभागमा अवस्थित भएको कारण सवारी साधनको चाप बढेको बताउनु भयो। उहाँले समय र माग बमोजिम सवारी साधनमा बृद्धि हुँदै जाने, औद्योगिक तथा व्यवसायीक विकास सँगै सवारी चाप बृद्धि हुने बताउँदै यसको उचित व्यवस्थापन गर्नुपर्ने बताउनु भयो । उहाँले मूल सडक र शाखा सडकको ट्राफिक व्यवस्थापन गर्नका लागि छुट्टाछुट्टै रणनीति तय गरिनुपने बताउँदै यसका लागि निजी क्षेत्रको तर्फबाट सहकार्य र सहयोग रहने बताउनु भयो। सोही कार्यक्रममा बोल्दै ट्राफिक प्रहरी प्रमुख धर्मबहादुर थापाले चितवन जिल्लाको ट्राफिक व्यवस्थापनका लागि आफुले अल्पकालिन र दिर्घकालिन कार्ययोजना तयार गरी कार्यान्वय गर्न लागिएको बताउँदै उद्योग वाणिज्य संघ-चितवनबाट यसको खाका लिखित रूपमा प्राप्त भएमा योजनालाई अझ बढी परस्कृत गराउँदै सहकार्य गर्ने बताउनु भयो । उहाँले निजी क्षेत्रको सद्भाव र सहयोगको लागि आफू सदैव कृतज्ञ रहेको बताउँदै सामूहिक प्रयासका लागि व्यवसायीलाई अनुरोध गर्नुभयो । छलफल कार्यक्रममा बोल्दै संघका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले सार्वजनीक निजी साझेदारी अवधारणा अर्न्तगत रहि दुर्घटना न्यूनीकरणका साथसाथै बजार र ट्राफिक व्यवस्थापन गर्न सकिने बताउनु भयो । कार्यक्रममा संघका पदाधिकारी, कार्यसमिति सदस्य, संघमा आवद्ध विभिन्न वस्तुगत संघका अध्यक्ष, पदाधिकारी, विभिन्न टोल विकास संस्थाका पदाधिकारी, उद्यमी व्यवसायी लगायतको उपस्थित रहेको थियो । चितवन जिल्लाको ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापन र व्यावसायिक सुरक्षाका सम्बन्धमा संघले नियमित रूपमा यस किसिमका कार्यक्रमहरू आयोजना गर्ने संघका कार्यकारी निर्देशक निलबहादुर केसीले बताउनु भयो । कार्यक्रममा सहभागीहरूले ट्राफिक व्यवस्थापन, दुर्घटना न्यूनीकरण तथा बजार व्यवस्थापनका सम्बन्धमा बिभिन्न जिज्ञासा राख्नुका साथै सुझावहरू समेत पेश गरेका थिए। संघका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षता र कार्यकारी निर्देशक निलबहादुर केसीको सञ्चालनमा सम्पन्न भएको उक्त कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# उद्योग वाणिज्य संघ-चितवनको व्यक्तित्व सौन्दर्यिकरण सम्बन्धित तालिम




उद्योग वाणिज्य संघ-चितवनले व्यक्तित्व सौन्दर्यिकरण सम्बन्धी तालिम २०७९ बैशाख १३ गते आयोजना गरेको थियो । व्यक्तित्व तथा सौन्दर्य विकास सम्बन्धी ज्ञान दिने उद्देश्यले उद्योग वाणिज्य संघ-चितवनको आयोजना र रोटरी क्लव अफ चितवन, स्पाउज क्लब अफ आरसी चितवनको सहकार्यमा उक्त कार्यक्रमको आयोजना गरिएको थियो। संघको तालिम कक्षमा सञ्चालन गरिएको उक्त कार्यक्रमलाई उद्घाटन गर्दै संघका अध्यक्ष चुननारायण श्रेष्ठले सौन्दर्य र प्रस्तुतिकरणले व्यक्तित्व विकासमा महत्त्वपूर्ण भुमिका निर्वाह गर्ने बताउंदै यसले अन्ततः व्यावसायीकरण र विक्रीकलामा समेत प्रभाव पर्ने बताउनुभयो । कार्यक्रममा अध्यक्ष श्रेष्ठले सौन्दर्यता आफैमा व्यक्तित्व विकासको सूचक भएको बताउँदै सौन्दर्यकलाको व्यावसायीकरणमा जोड दिँदै ब्यक्तित्व, नेतृत्व र विक्रयकला जस्ता सिपहरू व्यवसायीमात्र नभै आमसमुदायले सिक्नु पर्ने बताउनु भयो। सोही कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवका कार्यसमिति सदस्य एवम् तालिम संयोजक योगिता पियाले सौन्दर्यकला महिलालाई मात्र नभई पुरुषलाई पनि आवश्यकता भएको बताउँदै सौन्दर्यता केवल देखाउनका लागि मात्र नभई यो आन्तरिक खुसी र मानव स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित भएको बताउनुभयो । सोही कार्यक्रममा बोल्दै स्पाउज क्लब अफ आरसी चितवनका अध्यक्ष कविता चुकेले सौन्दर्यता र व्यक्तित्वमा निखार ल्याउने महिला तथा पुरुषमा आत्मविश्वासमा बृद्धि हुँदै स्वावलम्बी बनाउन सहयोग पुऱ्याउने बताउँदै कार्यक्रम महत्त्वपूर्ण भएको बताउनु भयो । सोही कार्यक्रममा शुभकामना व्यक्त गर्दै रोटरी क्लब अफ चितवनका निर्वाचित अध्यक्ष दिपक प्रधानले तालिम महिला सशक्तिकरणका लागि समेत उपयुक्त रहेको बताउनु भयो । तीन दिन सम्म सञ्चालन हुने उक्त तालिममा अनामिका भण्डारीले प्रशिक्षकको भूमिका निर्वाह गर्नुभएको छ । २२ जनाको सहभागिता रहेको उक्त कार्यक्रमको समुद्घाटन कार्यक्रममा स्पाउज क्लब अफ आरसी नारायणगढका अध्यक्ष निरा श्रेष्ठ, संघका कार्यकारी निर्देशक निलबहादुर केसी लगायत महिला उद्यमीको उपस्थिति रहेको थियो। क्लवका अध्यक्ष कविता चुकेको अध्यक्षता, उवासंघ-चितवका अध्यक्ष चुननारायण श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रम सरिता खनालले सञ्चालन गर्नुभएको थियो। तालिम कार्यक्रमलाई अभिमन्यू ट्रेडर्स चितवनले सहयोग गरेको थियो ।

## व्यवसाय प्रवर्द्धन र सुचना प्रविधि विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न

उद्योग वाणिज्य संघ-चितवनको सभाकक्षमा २०७९ बैशाख १९ एक दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । उद्योग वाणिज्य संघ-चितवन र कम्प्युटर एशोसियसन अफ नेपाल-चितवन शाखाको संयुक्त आयोजनामा व्यवसाय प्रवर्द्धनमा सुचना प्रविधि विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।



राष्ट्रिय सञ्चार तथा सूचना प्रविधि दिसको अवसरमा आयोजित उक्त कार्यक्रमा बोल्दै उद्योग वाणिज्य संघ–चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले व्यवसायलाई कसरी सुचना प्रविधिसँग जोड्न सकिन्छ भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरेको बताउनु भयो । अध्यक्ष श्रेष्ठले अबको व्यवसाय प्रवर्द्धन हार्ड वर्कीङको जमानाबाट नेटवर्किङको जमानामा प्रवेश गरिसकेकोले प्रविधि र व्यवसायलाई जोड्नुपर्ने धारणा राख्नुभयो । उहाँले अहिलेको बजार बृहत् भएको बताउदै प्रतिष्पर्धात्मक रूपमा आफूलाई प्रविधिमैत्री बनाउन व्यवसायीलाई अनुरोध गर्नुभयो । सोही कार्यक्रममा बोल्दै कम्प्युटर एशोसियसन अफ नेपालका कार्यकारीणी सदस्य श्री भानु शर्माले अबको व्यवसाय B2C नभएर D2C हुनुपर्ने धारणा प्रस्तुत गर्नुभएको थियो । व्यवसाय प्रवर्द्धन र सूचना प्रविधि विषयक प्रस्तुतीकरण Cyber कानुनका विज्ञ राजनराज पन्त र कम्प्युटर एशोसियसन महासंघका कार्यसमिति सदस्य ई. कृष्ण पोखरेलले प्रस्तुतीकरण दिनुभएको थियो । उक्त कार्यक्रमा उद्योग वाणिज्य संघ–चितवनका प्रथम उपाध्यक्ष चिरञ्जिवी सुवेदी, तृतीय उपाध्यक्ष सिरिष पन्त, क्यानका बागमती प्रदेश उपाध्यक्ष विष्णुप्रसाद लामिछाने, उद्योग वाणिज्य संघ–चितवनका कार्यसमिति सदस्यहरू, संघमा आवद्ध बस्तुगत संघका अध्यक्ष एवं पदाधिकारीज्यूहरूको उपस्थिति रहेको थियो । करिब ८० जना व्यवसायीहरूको सहभागिता रहेको उक्त कार्यक्रम कम्प्युटर एशोसियसन अफ नेपाल चितवन शाखाका अध्यक्ष एवं उवासंघ–चितवनका कार्य समिति सदस्य सन्तोषजनक भुसालले धन्यवाद सहित सम्पन्न कार्यक्रम उद्योग वाणिज्य संघ–चितवनका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।


Chamber Guest House
Under the Management of Chamber of commerce & Industry-Chitwan
Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 – 596108
– 596208
– 596308
FACILITIES
Located at the bank of Holy Narayani River
View of Narayani River from all rooms
Party Venue
Free internet Access
Training seminar and Conference
Hall accomodating 500 people
"A Home After Your Home"

# नारायणगढ बजारको मिति २०७९ जेष्ठ ४ गतेको बजार भाउ

| विवरण | परिमाण | रकम |
|---|---|---|
| १. धान मसिनो(वार) | प्रति क्वि. | ३३०० |
| २. धान मन्सुली(सावा) | प्रति क्वि. | ३५०० |
| ३. साना मंसुली | प्रति क्वि. | २६०० |
| ४. धान मोटो सावित्री | प्रति क्वि. | २५०० |
| ५. धान मोटो नया | प्रति क्वि | २४०० |
| ६. चामल मसिनो (वार) | प्रति क्वि | ६१०० |
| ७. चामल मन्सुली (सावा) | प्रति क्वि | ६६०० |
| ८. चामल मोटो सावित्री | प्रति के.जी. | ५१ |
| ९. मकै | प्रति क्वि. | ३७ |
| १०. गहुँ | प्रति क्वि. | ३७ |
| ११. कोदो | प्रति क्वि. | ४७ |
| १२. फापर | प्रति क्वि. | ८५ |
| १३. चना | प्रति के.जी. | १०५ |
| १४. केराउ | प्रति के.जी. | १२० |
| १५. भटमास | प्रति के.जी. | १५० |
| १६. रहर दाल | प्रति के.जी. | १६५ |
| १७. मसुरी दाल | प्रति के.जी. | १६० |
| १८. मासको दाल | प्रति के.जी. | १५० |
| १९. कालो मासको गेडा | प्रति के.जी. | १४५ |
| - दाना सम्बन्धी | | |
| क. ब्रोइलर कुखुरा १ नं. | प्रति के.जी. | ८२ |
| ख. ब्रोइलर कुखुरा २ नं. | प्रति के.जी. | ८१ |
| ग. लेयर्स कुखुरा १ नं. | प्रति के.जी. | · |
| घ. क्याटल फिड | प्रति के.जी. | · |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| २०. आलु | प्रति के.जी. | ३५ |
| २१. प्याज | प्रति के.जी. | ३५ |
| २२. तोरीको तेल | प्रति १० ली. | ३१० |
| २३. भटमासको टेल | प्रति १० ली. | ३२० |
| २४. बनस्पति घ्यू | प्रति १० के.जी. | ३०० |
| २५. नुन | प्रति के.जी | २० |
| २६. जिरा | प्रति के.जी. | ४५० |
| २७. मरिच | प्रति के.जी. | १००० |
| २८. धनियाँ | प्रति के.जी. | २५० |
| २९. क. सुन | प्रति तोला | ९७००० |
| ख. चाँदी | प्रति तोला | १२७० |
| ३०. कर्कट पाता | | |
| क. २४ गेज (रंगीन) | प्रति वण्डल | १७९५० |
| ख. २६ गेज | प्रति वण्डल | १४१०० |
| ३१. छड | | १२८ |
| क. ७ मि.मि.(J/S) | प्रति के.जी | १३५ |
| ख. ८ मि.मि. | प्रति के.जी | १३१५ |
| ख. १० मि.मि. | प्रति के.जी | १२८ |
| ग. १२ मि.मि. | प्रति के.जी | १२८ |
| ३२. सिमेन्ट OPC शिवम् | प्रति बोरा | ७७५ |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| क. मारुती सिमेन्ट | प्रति बोरा | ७७५ |
| ख. निर्माण सिमेन्ट PPC | प्रति बोरा | |
| ग. निर्माण सिमेन्ट OPC | प्रति बोरा | ६०० |
| ३३. मासुजन्य पदार्थ | | |
| क. ब्रोइलर कुखुराको तयारी | प्रति के.जी. | ४३० |
| ख. ब्रोइलर कुखुराको जीवित | प्रति के.जी. | २६० |
| ग. स्थानीय कुखुरा जीवित | प्रति के.जी. | ८०० |
| घ. लेयर्स कुखुरा तयारी | प्रति के.जी. | |
| ङ. खसी बोकाको जीवित | प्रति के.जी. | ६०० |
| च. खसी बोकाको तयारी | प्रति के.जी. | ११०० |
| छ. राँगोको तयारी | प्रति के.जी. | ४०० |
| ज. बंगुरको तयारी | प्रति के.जी. | ४०० |
| झ. माछा खानयोग्य | प्रति के.जी. | २८० |
| ञ. अण्डा | प्रति क्रेट | ३९० |
| ३४. दुग्धजन्य पदार्थ | | |
| क. दुध | प्रति लि. | ११० |
| ख. दही | प्रति लि. | ११५ |
| ग. पनिर | प्रति के.जी. | ८०० |
| घ. क्रिम | प्रति लि. | ६०० |
| ङ. वटर | प्रति के.जी. | |
| च. घ्यू | प्रति के.जी. | १२०० |
| छ. खुवा | प्रति के.जी. | १२०० |

## पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।

-सम्पादक

**प्रापक :**

..........................................................................

..........................................................................

..........................................................................

..........................................................................

..........................................................................

..................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०